नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
डडेल्धुरा

७०५०२०५
7HWV+H3
०९६-४२०१४१
९८५८७७६१४१
ddlhulak@gmail.com
dadeldhura@nepalpost.gov.np

पत्र सङ्ख्या. :२०८२/०८३
चलानी न.:२५९

मिति: २०८३/०२/०६
ने.सं.११४६, अनलाथ्व: ४, बुधबार

विषय: परिपत्र सम्बन्धमा ।

श्री पालिका हुलाक कार्यालयहरू सबै(डडेल्धुरा)

प्रस्तुत विषयमा हुलाक सेवा विभागको च. न.१५७६, मिति: २०८३/०२/०५ को पत्रसाथ प्राप्त राष्ट्रिय सतर्कता केन्द्रको च. न. २४/१५३४ मिति: २०८३/०१/२१ को पत्रानुसार *सतर्कता केन्द्रको छड्के, अनुगमन र निगरानीको क्रममा धेरै कर्मचारीहरूले आचार संहिताको पालना नगरेको, प्रभावकारी सेवाप्रवाह नगरेको, काममा ढिलासुस्ती गरेको, अनियमितता तथा भ्रष्टाचारमा संलग्न रहेको पाइएकोले सबै कर्मचारीले आफूलाई दिइएको जिम्मेवारी र प्राप्त अधिकारको पूर्णरुपमा कार्यान्वयन गर्न/गराउन र आगामी दिनमा हुने छड्के, अनुगमन तथा निगरानीको क्रममा माथि उल्लिखित विषयउपर कमी कमजोरी रहेको पाइएमा कार्यालय प्रमुख तथा सम्बन्धित कर्मचारी स्वयम् जिम्मेवार हुने* भनी जानकारी गराइएकोले ताहाँ कार्यालय प्रमुख तथा सबै कर्मचारीले कर्मचारी आचार संहिताको पूर्ण रपमा पालनागर्दै कार्यालयमा तथा कार्यालयको प्रतिनिधित्व गर्दा पोसाक र परिचयपत्र अनिवार्य रुपमा लगाउने, कार्यालय समयको पालना गर्ने/गराउने, सेवाग्राहीसँग विनम्रतापूर्वक प्रस्तुत भई छिटो छरितो सेवाप्रवाह गर्ने, सेवाग्राही मैत्री तथा सफा सुग्घर कार्यालय व्यवस्थापनमा ध्यान दिने, स्रोत साधनको मितव्ययी प्रयोगगर्दै सरकारी सम्पत्तिको दुरुपयोग नगर्ने, सम्बन्धित अधिकारीबाट विदा स्वीकृत गराएर मात्र विदामा बस्ने, जिल्ला हुलाक कार्यालयको निरन्तर सम्पर्कमा रही हाजिरी फाराम, C2 फाराम तथा वैदेशिक पत्र डेलिभरी विवरण नियमित रुपमा जिल्ला हुलाक कार्यालयमा पठाउने कार्य गर्न/गराउन हुन अनुरोध छ।

श्याम प्रसाद ओझा
.हुलाक अधिकृत

बोधार्थ:
श्री हुलाक सेवा विभाग, बबरमहल, काठमाडौं ।